# स्वास्थ्य सेवासम्बन्धी जानकारी

## डोनर मिल्क

**मेरो बच्चाका लागि मेरो स्तनको दूध किन यति महत्त्वपूर्ण छ?**
तपाईंको नवजात शिशुका लागि तपाईंको आफ्नै दूध सबैभन्दा राम्रो खाना हो। आमाको दूध विशेष गरी बच्चाकै लागि बनेको हुन्छ। आमाको दूधमा विशेष किसिमका एन्टिबडी तथा प्रोटीन, कार्बोहाइड्रेट र फ्याटहरू हुन्छन् जसले तपाईंको बच्चाको संक्रमणसँग लड्ने क्षमता बढाउन मद्दत गर्छन्।

तपाईंको बच्चाका स्वास्थ्य सेवा प्रदायकहरूले तपाईंलाई बच्चा जन्मेको पहिलो 1-2 घण्टाभित्र आफ्नो स्तन पम्प गर्न लगाउँछन्। तपाईंको स्तनको दूध तपाईंको बच्चाले प्राप्त गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण खाना हो। कहिलेकाहीँ, आमाहरूमा आफ्नो बच्चालाई चाहिने पर्याप्त दूध बन्दैन। यस्तो बेलामा तपाईंका स्वास्थ्य सेवा प्रदायकले ह्युमन डोनर मिल्क भनिने दूधको प्रयोगका बारेमा तपाईंसँग कुरा गर्न सक्छन्।

**ह्युमन डोनर मिल्क भनेको के हो?**
डोनर मिल्क *मानिसकै दूध* हो जसलाई तातो पारेर प्रयोग गर्नका लागि सुरक्षित बनाइन्छ। यो दूध आमाहरूले नै दान गरेका हुन्छन्। आफ्नो बच्चालाई चाहिनेभन्दा बढी दूध भएका वा सायद आफ्नो बच्चा गुमाएर आफ्नो बच्चाको सम्मानमा दान गर्ने निर्णय गरेका आमाहरूले यस्तो दूध दान गर्छन्। दान गरिएको स्तनको दूध स्वीकार गर्नुअघि प्रत्येक आमाको होसियारीपूर्वक मौखिक र चिकित्सकीय रूपमा जाँच गरिन्छ।

**ह्युमन डोनर मिल्क किन प्रयोग गर्ने?**
कहिलेकाहीँ, स्वास्थ्य वा हार्मोनसम्बन्धी कारणले गर्दा आमाको दूध आउन ढिलो हुन्छ वा आमाको दूधको आपूर्ति कम हुन सक्छ। बच्चालाई फर्मूलाभन्दा डोनर मिल्क पचाउन सजिलो हुन्छ। ह्युमन डोनर मिल्क र आमाको आफ्नै दूधले *नेक्रोटाइजिंग इन्टरोकोलाइटिस* भनिने पेटको गम्भीर विकारको जोखिम पनि कम गर्न मद्दत गरेको पाइएको छ। यो रोगले तपाईंको बच्चा धेरै बिरामी पर्न सक्छ। तपाईंको बच्चाका स्वास्थ्य सेवा प्रदायकले आवश्यक परेमा तपाईंको बच्चाका लागि डोनर ब्रेस्ट मिल्कको प्रयोग गर्ने बारेमा तपाईंसँग कुरा गर्नु हुने छ।

**के डोनर मिल्क सुरक्षित छ?**
सबै दाता आमालाई सावधानीपूर्वक जाँच गरिन्छ। दाता आमा निरोगी र औषधिहरू प्रयोग नगरिरहेको हुनु पर्छ। उहाँहरूलाई आफ्नो दूध दान गर्नुअघि रगत जाँच गर्न पनि लगाइन्छ। उहाँहरूले आफ्नो स्तनको दूध "दूध बैंक" मा पठाउँछन्। जहाँ उक्त दूध एकै ठाउँमा मिसाइन्छ र तातो पारेर प्रयोग गर्नका लागि सुरक्षित बनाइन्छ। दूधमा कुनै पनि किसिमका कीटाणुहरू नहोऊन् भनी सुनिश्चित गर्न दुधको परीक्षण गरिन्छ र त्यसपछि यसलाई फ्रिज गरिन्छ। यी फ्रिज गरिएका कन्टेनरहरू नियोनेटल इन्टेन्सिभ केयर युनिट (NICU) मा पठाइन्छ र यसलाई प्रयोग गर्न आवश्यक नभएसम्म फ्रिज गरेरै राखिन्छ।

**तपाईंका कुनै प्रश्नहरू छन्?**
यदि तपाईंसँग थप प्रश्नहरू छन् भने तपाईंको बच्चाको स्वास्थ्य सेवा टोलीका सदस्यलाई सोध्नुहोस्। तपाईं यी वेबसाइटहरूमार्फत डोनर मिल्कका बारेमा थप जान्न सक्नुहुन्छः

- ह्युमन मिल्क बैंकिङ एसोसिएसन अफ नर्थ अमेरिका (Human Milk Banking Association of North America - HMBNA) - www.hmbana.org मा जानुहोस्
- ओहायो हेल्थ मदर्स मिल्क बैंक - https://www.ohiohealth.com/locations/womens-health/mothers-milk-bank/ मा जानुहोस्

9/2023

*यो जानकारीले तपाईंका प्रदायकको चिकित्सा सल्लाह, उपचार योजना वा तपाईंका नर्स वा अन्य स्वास्थ्य सेवा प्रदायकले उपलब्ध गराएको जानकारीलाई प्रतिस्थापन गर्दैन।* आफ्नो व्यक्तिगत स्वास्थ्य सेवा योजनाको सदैव पालना गर्नुहोस्। *यस पानामा कुनै पनि कुरालाई चिकित्सकीय सल्लाह, निदान वा उपचारका रूपमा लिनु हुँदैन। तपाईंसँग यो वा अन्य कुनै चिकित्सा जानकारीका बारेमा प्रश्नहरू छन् भने तपाईंका स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। तपाईंलाई तत्काल चिकित्सकीय उपचारको खाँचो पर्‍यो भने तुरुन्तै मद्दत खोज्नुहोस्। तपाईं अस्पताल बाहिर हुनु हुन्छ भने 911 मा फोन गर्नुहोस्। तपाईं अस्पतालमा भर्ना भएको बिरामी हुनुहुन्छ भने मद्दतका लागि आफ्ना नर्स वा तपाईंको हेरचाह टोलीका अन्य सदस्यलाई भन्नुहोस्।*

भाषा पहुँचसम्बन्धी सेवाहरू
Servicios da Acceso al doma

**कर्मचारीलाई बिरामी र परिवारहरूका लागि निःशुल्क रूपमा उपलब्ध हुने दोभासे र अन्य भाषा पहुँचसम्बन्धी सेवा तथा सहायताहरूका लागि अनुरोध गर्नुहोस्।**
**Pregúntenos acerca de los intérpretes y otros servicios y ayuda para el acceso al idioma que están a su disponibilidad sin costo alguno.**